म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १४९ बिहीबार, २५ पुस २०८१ ने. सं. ११४५ पोहेलाथ्व 9 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## माण्डुखोलाको पक्की मोटरेबल पुलको उद्‌घाटन

हेटौंडा, २४ पुस/बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने छोटो दुरीको बैकल्पिक मार्ग हेटौंडा-कुलेखानी-काठमाडौं रुटको भीमफेदी गाउँपालिका-६ माण्डुखोलाको पक्की मोटरेबल पुल उद्‌घाटन गरिएको छ । बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमन मास्केले बुधबार पुलको उद्‌घाटन गरेका हुन् । भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेको यातायात पूर्वाधार निर्देशनालयले १२ करोड ३० लाख रुपैयाँ लगानीमा पुल निर्माण गरेको हो ।

५६ दशमलब ६ मिटर लम्बाईको पुल एमएस सागर निर्माण सेवा पिडारी गुठीले निर्माणको जिम्मा पाएको थियो । २०८० साल असार २२ गते निर्माण सम्झौता भएको पुल समयावधिभित्रै सम्पन्न भएको मन्त्री मास्केले बताए । मन्त्रालयबाट निर्माण भएका आयोजनालाई समयभित्रै सम्पन्न गर्न मन्त्रालयले सहजीकरण गरिरहेको मन्त्री मास्केको दाबी छ । पुल उद्‌घाटन कार्यक्रममा भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, ईन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, मन्त्रालयका सचिव, महाशाखाप्रमुखलगायतको सहभागिता रहेको थियो ।

# मउवा संघको साधारणसभा सुरु, आज उम्मेदवारी दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ मकवानपुरका उद्योगी, व्यवसायीको छाता संगठन मकवानपुर उद्योग वाणिज्य संघको ५८ औं साधारणसभा तथा अधिवेशन बुधवारबाट सुरु भएको छ ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ताको सभाध्यक्षता तथा बागमतीका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यतामा भएको हो । साधारण सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले बागमती प्रदेशमा लगानी प्राधिकरण बनाउने घोषणा गरेका छन् । लगानीमैत्री वातावरणका लागि प्राधिकरण बनाउन प्रदेश तयार रहेको उनको भनाई थियो । 'औद्योगिक क्षेत्र फस्टाउन लगानीमैत्री वातावरण जरुरी छ । यसलाई प्रदेश सरकारले सोचेर अगाडि बढ्छ' उनले भने ।

सरकारले नियम, कानुन बनाउँदैमा मात्र लगानीमैत्री वातावरण नबन्ने बताउँदै मुख्यमन्त्री लामाले नियम, कानुनलाई कार्यान्वयन गर्ने पक्ष उत्तिकै जिम्मेवार हुनुपर्ने धारणा राखे । उनले आधुनिक विधि, प्रविधिको सदुपयोग गरी उत्पादनमुलक उद्योगलाई प्रोत्साहन गर्नुपर्ने बताए । उद्योगीले पनि आफूहरुबीचको एकता र सहकार्यलाई जोड दिन उनको आग्रह थियो ।

लामाले युवा पलायन रोक्न उत्पादनक्षेत्र फस्टाउनुपर्ने बताए । 'अर्काले गरेको उत्पादनको व्यापारमा मात्रै केन्द्रित हुने होइन, अब हामी आफैं उत्पादनमा अग्रसर हुन जरुरी छ,' उनले भने । 'त्यसका लागि राज्यले पनि उद्योगीलाई आवश्यक सुविधा उपलब्ध गराएर उत्पादन वृद्धिमा जोड्नुपर्छ ।' पर निर्भरता बढाउँदै लगेर उत्पादनमा ध्यान नदिँदा अहिले देशमा समस्या भएको लामाको दाबी छ । राजनीतिक नेतृत्वदेखि प्रशासन र नागरिकसम्मै सुधारको आवश्यकता रहेको उनको भनाई छ ।

मकवानपुरका प्रतिनिधि सभा सदस्य तथा नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले २२ वर्षदेखि मकवानपुरमा बन्द अवस्थामा रहेको रोपवेको ठाउँमा वैकल्पिक यातायातको पोडवे निर्माण गर्नुपर्ने बताए । प्रधानमन्त्रीले चीन भ्रमणको




क्रममा पोडवे स्थापनाको सम्भाव्यता अध्ययन र लगानीको लागि चिनियाँ सरकारसँग छलफल अघि बढाएको उनको भनाई छ । प्रमुखसचेतक बर्तौलाले पोडवे निर्माण हुँदा मकवानपुरको उत्तरीक्षेत्रको पर्यटन व्यवसाय फस्टाउने बताए ।

प्रतिनिधिसभाको पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले कर्मचारीतन्त्रको कारण राजनीतिक नेतृत्वलाई जनताले नै विश्वास गर्न छाडेको बताए । सरकारले योजना बनाएर लगानी नै गरिसकेको हेटौंडाको मयुरधाप औद्योगिक क्षेत्रको प्रगति शुन्य भएको भन्दै उनले असन्तुष्टि पोखे । वन मन्त्रालयका सचिवको निर्णयको कारण आज सरकारको गौरवको योजना नै सुरु हुन नसक्ने स्थितिमा पुगेको उनको भनाई छ ।

सभापति सिंहले सरकारले गफ नभई काम गरेर देखाउनुपर्ने बताउ । आफू ४० दिन उर्जा राज्यमन्त्री हुँदा हेटौंडा औद्योगिक क्षेत्रलाई लोडसेडिङमुक्त गरेको सभापति सिंहको दाबी थियो । सिंहले ९ करोड खर्च गरेर लगानी सम्मेलन मार्फत् ६ अर्ब लगानी प्रतिवद्धता लिए पनि कार्यान्वयन हुन नसकेकोमा असन्तुष्टि व्यक्त गरे । अस्थिर सरकार, कर्मचारी तन्त्र, विद्यमान ऐन कानुन र राजनीतिक दलका नेतृत्वको कमजोरीका कारण विदेशीले नेपालमा लगानी गर्न नचाहेको उनको भनाई छ । राज्यले सहकारी समस्यामा अनुसन्धानको नाममा पक्षपात गरि रहेको उनले आरोप लगाए ।

साधारणसभामा प्रतिनिधि सभाका सांसद् राजेन्द्र केसी, विन्दावासिनी कसांकार, बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङ, प्रदेश सांसद् प्रेमबहादुर पुलामी, भारती पाठकलगायत उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष, उद्योगी व्यवसायीको उपस्थिति रहेको थियो । साधारणसभाको उद्‌घाटनमा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा आउने कार्यक्रम रहेता पनि मौसमको खराबीका कारण उपस्थिति हुन नसकेको नेपाली कांग्रेस मकवानपुरले जानकारी दिएको छ ।

**आज उम्मेदवारी दर्ता**

मकवानपुर उद्योग वाणिज्य संघको ५८औं साधारणसभा तथा अधिवेशनअन्तर्गत आज बिहीवार बाट निर्वाचनको कार्यक्रम सुरु हुनेछ ।

संघको यसपालीको निर्वाचनका लागि ५७ औं साधारण सभाबाट विधान संशोधन गरेर प्रत्येक पदमा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था कायम गरिएको छ । विगतमा अध्यक्षले निर्वाचित सदस्यमध्येबाट महासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष पदमा मनोनित गर्ने व्यवस्था थियो । प्रत्येक पदमा प्रत्यक्ष निर्वाचनको व्यवस्थाले निर्वाचनलाई थप रोचक बनाएको छ ।

मउवा संघमा २८ जनाको कार्यसमिति हुनेछ । अध्यक्ष, ४ उपाध्यक्ष (एसोसिएसन, वाणिज्य, उद्योग र वस्तुगत), १ महासचिव, १ कोषाध्यक्ष, ४ सचिव र एक सहकोषाध्यक्ष पद छ । एसोसिएटतर्फ ४ सदस्य, वाणिज्यतर्फ ७ सदस्य, उद्योगमा ४ सदस्य र वस्तुगतमा १ सदस्य पद हुने संघका कार्यकारी सचिव पवन कार्कीले जानकारी दिए । २४ देखि २७ पुससम्म हुने साधारण सभाले नयाँ नेतृत्व चयन गर्नेछ । अध्यक्षमा उमेद्वारी दिन ५० हजार रुपैयाँ, पदाधिकारीका लागि ३० हजार रुपैयाँ र सदस्यका लागि १५ हजार रुपैयाँ शुल्क बुझाउनु पर्ने प्रमुख निर्वाचन संयोजक अधिवक्ता ईश्वरराज ढकालले बताए ।

संघको ३ वर्षे कार्यकालको नेतृत्वका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल र वर्तमान उपाध्यक्ष प्रमोद सिंह रानाभाट प्यानल बनाएर चुनावी मैदानमा उत्रिने तयारीमा छन् । रानाभाट र अग्रवाल दुवैले प्यानल घोषणा गरि सकेका छन् । संघमा वस्तुगत, वाणिज्य, उद्योग र एसोसिएटतर्फका उम्मेदवार रहेका छन् । निर्वाचनमा २ हजार ४६ जना सदस्यले मतदान गर्न पाउनेछन् । अघिल्लो अधिवेशनमा २ हजार ९ सय ७ जना सदस्य थिए ।

# बकैया कप फुटबल प्रतियोगिता सुरु

साझाकुरा संवाददाता



हेटौंडा, २४ पुस/ मकवानपुरको बकैया गाउँपालिका-३ स्थित बकैया रंगशालामा आज बुधबारदेखि छैठौं संस्करणको बकैया कप फुटबल प्रतियोगिता सुरु भएको छ । प्रतियोगिता बकैया खेलकुद विकास समितिको आयोजनामा सुरु भएको हो ।

बागमती प्रदेश सरकार का युवा तथा खेलकुदमन्त्री मिनकृष्ण महर्जनले एक कार्यक्रमबीच प्रतियोगिताको उद्‌घाटन गरेका हुन् । मन्त्री महर्जनले प्रतियोगिताको शुभकामना दिँदै खेलकुद विकासको लागि आफूले सक्दो सहयोग गर्ने दृढता व्यक्त गरे । उनले आफूपनि खेलप्रेमी रहेको भन्दै आफू मन्त्री नियुक्त हुँदा बजेट बनिसकेको र त्यो अत्यन्तै न्यून भएको कारण खेलक्षेत्रको विकासका लागि सोचेअनुरुप काम गर्न कठिनाई भएको उल्लेख गरे ।

उनले आगामी वर्ष खेलक्षेत्रको विकास र खेलाडीको हितलाई ध्यानमा राखेर बजेट बृद्धि गरिने बताए । मन्त्री महर्जनले आफू खेलकुदक्षेत्रकै मानिस भएको कारण खेलाडीको मर्म र भावना बुझेको भन्दै आफ्नो कार्यकालमा खेलक्षेत्रको विकासका लागि उल्लेख्य काम गर्ने बताए । यस संस्करणको प्रतियोगितामा सिनियर टिम तथा जुनियर टिमको फरक-फरक प्रतिस्पर्धा हुने बकैया खेलकुद विकास समितिका संयोजक विजय लामाथिङले जानकारी दिए ।

यसवर्ष जुनियर टिमबाट विजेता हुने टिम आगामी वर्ष सिनियर टिममा बढुवा हुनेछ भने सिनियर टिमको अन्तिम टिम घटुवा हुने संयोजक लामाले बताए । प्रतियोगिता आगामी माघ १ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिता नकआउट चरणमा खेलाइने छ । प्रतियोगितामा सिनियरतर्फको विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, जुनियर तर्फको विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ ।

## सिलिङ्गेका बालबालिकालाई न्यानो कपडा

हेटौंडा, २४ पुस/ मकवानपुरको राक्सिराङ गाँउपालिका-६ सिलिङ्गेको राष्ट्रिय माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि लिसा हिमालय इभीको आर्थिक सहायतामा दिगो विकासका लागि एकता नेपालले न्यानो ओढ्ने ओछ्याउने कपडा वितरण गरेको छ ।

संस्थाले आफ्नो नियमित कार्यक्रम शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन सहयोग कार्यक्रम राक्सिराङ अन्तर्गत सहयोग गरेको हो । जाडो बढेसँगै छात्राबासमा बस्ने विद्यार्थीका लागि न्यानो ओढ्ने ओछ्याउने नहुँदा उनीहरुले कष्टकर रात व्यतित गर्दै आईरहेकोमा २३ पुसमा सहयोग प्राप्त भएको विद्यालयका प्रधानाध्यापक लालमाया प्रजाले बताइन् । विद्यालयको अनुरोधमा राक्सिराङमा काम गर्ने दिगो विकासका लागि एकता नेपालद्वारा विद्यार्थीका लागि ६० सेट न्यानो कपडा प्राप्त भएको प्रधानाध्यापक प्रजाले बताइन् । न्यानो कपडा वितरण कार्यक्रममा राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ तथा वडा नम्बर ६ का अध्यक्ष अकलबहादुर मोक्तानको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३






साझाकुरा

## हाम्रो कुरा

# चिसो बढेपछि बालबालिका प्रभाबित

पछिल्ला दिनमा एकाएक बढेको चिसोका कारण ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिका बढी प्रभाबित भएका छन् । विद्यालय बन्द गरी बालबालिकालाई छुट्टी दिने विषयमा बहस भइरहेको छ । तर, सामुदायिक विद्यालयका शिक्षकलाई विद्यालय बन्द गर्दा ठूलो आरोप खेप्नुपर्छ भन्ने चिन्ता पनि देखिएको छ । बालबालिकासँग न्यानो कपडा छैन । सामान्य एकसरो विद्यालय पोशाकको भरमा विद्यालय आउने बालबालिकालाई चिसोबाट बच्नका लागि विद्यालय छुट्टी दिनुको बिकल्प पनि सामुदायिक विद्यालयसँग छैन । चिसो बढेपछि बालबालिकाले कक्षाकोठामा ध्यान दिन सक्दैनन् । विद्यालय आउने र जाने कार्य पनि प्रभाबित भएको छ । ग्रामीण क्षेत्रका अधिकांश विद्यालयमा विद्यार्थीको उपस्थिति ५० प्रतिशत कम भएको छ । विद्यालयमा अध्ययन अध्यापन प्रभावकारी हुन नसकेपछि बिकल्प खोजी गर्नै पर्छ । विद्यालय छुट्टी गर्नका लागि पालिकाले निर्णय गर्न सक्छ र गर्नुपर्छ ।

चिसोका कारण विद्यालयमा दिइएको छुट्टीको क्षति केहीदिनपछि बिदाको दिन अध्यापन गराउन सकिन्छ । तराईका केही जिल्लामा चिसोका कारण एक साताका लागि विद्यालय बिदा दिइएको छ । यतिबेला सामुदायिक विद्यालयको गुणस्तरको विषयमा चिन्ता ब्यक्त गर्नेहरुले शिक्षकलाई नै दोषि देखिरहेका छन् । अझ सामाजिक संजालमा हेर्ने हो भने शिक्षकलाई तथानाम गालिगलौजको भाषा प्रयोग भइरहेको छ । ग्रामीण क्षेत्रका सामुदायिक विद्यालय सम्बन्धित वडाको राजनीति गर्ने थलोको रुपमा विकसित भएको छ । अभिभावकको आरोप शिक्षकले पढाएनन् भन्ने नै हो । शिक्षकले दोष विद्यार्थीमाथि थापरिरहेका छन् । पछिल्लो समय विद्यार्थीले पढाइमा ध्यान दिनै छोडेका छन् । कोभिड-१९ महामारीपछिका दिनमा बालबालिकाको सिकाइउपलब्धीमा लगातार ह्रास आइरहेको छ । प्रकृतिमा आएको परिवर्तनले पनि विद्यालय शिक्षामा असर गरेको छ । गर्मीमा चर्को गर्मी हुने, जाडोमा बढी जाडो हुने, वर्षामा बढी वर्षा हुने आदि कारणले पनि समस्या आएको देखिन्छ । प्राकृतिक समस्या बाहेक मानवसृर्जित समस्याले पनि सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्केको छ । कतिपय पालिकाले मन नपरेका शिक्षकलाई सरुवालगायत बिभिन्न बहानामा तनाव दिएका छन् । एउटा शिक्षक उच्चमनोबलका साथ कक्षाकोठामा पस्ने वातावरण नबनेसम्म शिक्षण सिकाई प्रक्रिया प्रभावकारी हुनै सक्दैन । भौतिक संरचना कमजोर भएका सामुदायिक विद्यालयमा स्थानीय सरकारको चासो कम छ । विद्यालय शिक्षाको पूर्वाधारमा लगानी गर्न स्थानीय सरकारलाई 'काउसोको माला' झैं भएको छ । शिक्षकले तलब मात्र खान्छन्, कक्षाकोठामा प्रभावकारी काम भएन भन्ने गलत भाष्य स्थापित गरिएको छ । यति हुँदाहुँदै पनि सामुदायिक विद्यालयमा सुधार गर्न सकिन्छ भनेर केही उदाहरणीय प्रयासको थालनी भएका छन् ।

सामुदायिक विद्यालयमा भएका भौतिक पूर्वाधारलाई सदुपयोग गर्ने र विद्यार्थीलाई अध्ययनको वातावरण बनाउने हो भने परिवर्तन सम्भव छ भनेर लाग्नेहरुको संख्या पनि बढेको छ । थोरै भएपनि सकारात्मक भएर प्रतिक्रिया दिने हो भने आशा पलाउन सुरु हुने थियो । सामुदायिक विद्यालयमा विद्यार्थीको रुचिअनुसार पढाउन सके शिक्षाको क्षेत्रमा ठुलो परिवर्तन आउने थियो । प्रधानाध्यापकको नेतृत्व सवल र सक्षम हुने हो भने विद्यालय सफल हुन धेरै पर्खनु पर्दैन । तर, हाम्रो समाजमा राम्रो गर्न खोज्ने प्रअलाई हटाउने खेल सुरु भइहाल्छ । यस्तो खेल गाउँघरमै हुन्छ टाढा जानै पर्दैन । सामुदायिक विद्यालयमा देखिएका समस्या चुनौती मात्र होइन अवसर पनि हो । शिक्षामा केही भएन भनेर शिक्षकलाई गाली मात्र गरेर सिकाई उपलब्धी बढ्दैन । शिक्षकलाई कक्षाकोठामा उच्चमनोवलका साथ प्रबेश गर्ने वातावरण बनाउने र विद्यार्थी केन्द्रित बिधिका बारेमा स्थानीय सरकारले पर्याप्त लगानी गर्न जरुरी छ । समयसापेक्ष शिक्षा प्रदान गर्न नसकेको खण्डमा १२ कक्षापछि उच्चशिक्षाका लागि विद्यार्थी नेपालमा अड्याउन सकिने अवस्था छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २६ गते शुक्रबार १० जनवरी २०२५ । एकादशी, पौष शुक्लपक्ष । पोहेलाध्व ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक चिन्ता | तुला | : परिवारमा हर्ष |
| वृष | : कार्यान्तरणको योग | वृश्चिक | : व्यवसाय फस्टाउने |
| मिथुन | : व्यर्थ भ्रमण | धनु | : नैराश्यता |
| कर्कट | : मान प्रतिष्ठा वृद्धि | मकर | : परिश्रमबाट सफलता |
| सिंह | : धनहानि | कुम्भ | : सम्पत्तिसम्बन्धी विवाद |
| कन्या | : हर्ष थपिने | मीन | : मित्रबाट विरोध |

# एमालेबाट रावल निष्कासनको कटु सत्य



दामोदर पौडेल

एमालेबाट अलग भएका भीम रावल अब नयाँ संरचनात्मक ढाँचामा जान सक्ने सम्भावना छ । उनी अर्को दल खोल्ने पक्षमा छन् तर उनको मन परेका देखिने नेता माधवकुमार नेपाल भएको धेरैले फरक अनुभव र अनुमान पनि गरेका छन् । रावलको लागि डुब्न लागेको डुंगालाई पार लगाउने कि आफू पनि डुबिन्छ कि भन्ने पारख गर्न छनौटको आवश्यकता पनि होला । डुब्न लागेको डुंगा पार लगाए जश ज्यादा अरुले पाउने र डुबे बर बाद हुने पो हो कि भन्ने पनि होला ।

केपी ओली लोकतन्त्रको पक्षमा अविचलित सैद्धान्तिक अडान भएका व्यक्ति हुन् । अरु कम्युनिस्ट पार्टीहरुमा जस्तो लोकतन्त्रप्रतिको आस्थामा उनीप्रति शंका छैन । यो प्रस्ट अवस्थाले उनी विदेशीहरुबीच पनि सकारात्मक रहेका छन् । वर्तमान विश्व परिवेशमा यो पनि राम्रो सन्देश हो । केपी ओलीले कम्युनिस्ट एकताको लीगि माओवादीलाई साथ दिएर देशको सबैभन्दा ठूलो कम्युनिस्ट दलमात्र बनाएनन्, बरु संसद्मा पहिलोपल्ट एउटै कम्युनिस्ट पार्टीको लगभग संख्या संसद्मा दुई तिहाइ बहुमत हुन पुग्यो । उनले प्रचण्डको ज्यादा नजिक बनेर माधवकुमार नेपाल र झलनाथ खनाललाई चित्त दुखाए । त्यो दुखेको मन ओलीसँग प्रचण्ड छुट्टिँदासम्म पनि कायम र ह्रयो । यति जटिल अवस्थामा पनि ओलीले एमालेलाई जोगाउन सके । प्रतिनिधिसभामा एमाले सबैभन्दा धेरै जनताको मत पाउने पार्टी बन्यो । यसको चुरो कारण ओली भएकोमा कुनै सन्देह छैन ।

अर्कोतर्फ माधवकुमार नेपालहरुले पार्टी फोर्दा भीम रावल, घनश्याम भुसाल तथा एक-दुईजना अरु नेताहरु एमालेलाई भित्रबाट नै कमजोर बनाउन लागेका थिए भन्ने आरोप छ । उनीहरुले कसै गरेर एमालेलाई कमजोर बनाउने र माधवकुमार नेपालहरुलाई सहयोग पुग्ने कार्य गरेर पछि पस्ने र बस्ने सुरक्षित सेल्टरको हिसाबले सोचेका थिए भन्ने केही आधारहरु पनि होलान् ।

माओवादीहरुको आरोप, दलबाट फुटेका माधव-झलनाथको झटारो, भित्र-भित्रका धमिराहरुजस्ता लाग्नेहरुको प्रयासले एमाले धूलो नै हुन्छ जस्तो लाग्दा पनि दलको कत्ति साख नडगाउने मियो केपी बने । अझै पनि एमाले संक्रमणकालबाट पार पाइसकेको छैन कि जस्तो देखिन्छ । यो अवस्थामा नेतृत्वले उचित व्यवस्थापन र कडाइ गर्न नसकेमा दल नै तहसनहस हुन सक्ने तथ्यलाई भुल्न सकिँदैन ।

रावलको अन्य इमानदारी कसैबाट छिपेको छैन, तर उनले ओलीप्रति पूर्ण विश्वासको अनुभूति दिन सकेनन् । उनी जुन समयमा केपी ओलीको लागि खम्बा बन्नुपर्ने थियो त्यो समयमा खारिन सकेनन् । अब केही समय पनि एमालेको संक्रमणकाल रहने अवस्था आउँदासम्म एमाले एक भन्ने भावना दिने र संक्रमणकाल सकिएपछि लोकतान्त्रिक आचरणको आधारमा फरक मत राख्ने र ओलीसँग मिलेर नै कार्यकर्ताको मन जित्ने कार्य हुनुपर्नेमा उनीले त्यति समय पर्खन सकेनन् । एमालेमा न सैद्धान्तिक विवाद छ, न यो इमानदार र यो बेइमान भनेर समूहको आधारमा छुट्याउन सजिलो छ । केवल ओली मन परे वा परेनन् भन्ने आधार देखिएको छ । काखा र पाखाको चिन्ता छ, त्यो गल्ती भएदेखि पार्टीका फोरममा कार्यकर्ताहरुमा जान सकिनेमा बाहिर नै आफ्ना उत्कण्ठाहरु पोख्नुपर्ने थिएन । तथापि सिद्धान्त नै फरक भएको हो भने पनि दुईवटा फरक विचार लोकतन्त्रमा एकै ठाउँमा बस्न उपयुक्त नहुन सक्छ । चुनावमा समेत मिलेर लड्न हुँदैन, बरु चुनावपछि हैसियत र मुद्दाको आधारमा कार्यगत एकता हुन सक्छ । यो रोगको शुरुवात देउवाले गरे र त्यसको ठूलो सहयोगी प्रचण्ड बने । यसले गर्दा मतदाताहरुको वैचारिक मत निखाररुपमा बाँकी रहेन । विचारको आधारमा बहसको समाप्ति नै देउवा-प्रचण्डको ठूलो राजनीतिक कमजोरी र सैद्धान्तिक बेइमानी भयो ।

हुन त राजनीतिक विश्वास आर्थात् सिद्धान्तको आधार रहेको आर्थिक फरक एजेन्डा लोकतन्त्रमा पूर्णत: फरक रहन सक्दो रहेनछ । दलका सिद्धान्तहरु बहुलवादी र बहुदलीय राजनीतिमा एक-अर्कासँग अछूतो भएर रहन सक्ने रहेनछन् । कुनै योजना कुनै दल सरकारमा रहँदा अर्कोले बेठीक नै भनेको भए पनि जनतामा लागू भएपछि त्यसको असर र प्रभावलाई रोक्न अर्को दल सरकारमा जाँदा पनि कठिन हुँदो रहेछ । शायद रियल पोलिटिक्स लोकतन्त्रको अन्तर्य रहेछ जस्तो पनि लाग्छ । जस्तै-बेलायतमा पुँजीवादी भनिने कन्जर्भेटिभ पार्टी र समाजवादको नजिकजस्तो लाग्ने लेवर पार्टीहरुका सरकार बदलिँदा सामाजिक सुरक्षा व्यवस्थासमेतमा यस्तो परिवर्तन आएको देखिँदैन । अर्थात् सैद्धान्तिक आधारहरुका साझा अर्थात् उपयुक्त पक्षलाई समावेश गर्ने बाध्यता हुन्छ ।

हुन पनि मानिसहरु नेपालमा समेत पुँजीवाद, समाजवाद, उदारवाद, साम्यवाद आदिका कुरा गर्दछन् । ती आदर्श त कुनै पक्षको मात्र सैद्धान्तिक अध्ययनका विषय हन् । ती पक्षलाई व्यवहारमा ल्याउँदा औचित्य र आवश्यकताको आधारमा एउटै पद्धतिमा पनि सबै सिद्धान्तहरु उपयोग गरिन्छन् । जबकि एक दलीय परिपाटीमा फरक मत, अल्पमत भन्ने हुन्छ । त्यो पूर्ण त बाध्यात्मक स्वाभाविकता हो । किनकि फरक दल खोल्न वा फक्राउन नै सकिँदैन । लोकतन्त्र नहुँदा कतिपय नेताहरुले विरोधी स्वरको कारणले जीवनको नै सुरक्षा नहुने हुनाले गल्ती गरेका छन् भन्ने साहस हुँदैन । कोही आफ्नो समर्थक कार्यकर्ता नै पनि ज्यादा जनप्रिय भएमा सर्वसत्तावादी व्यवस्थाका मालिकहरु सजग हुन्छन् । स्टालिनको समयमा उनका पूर्ण सहयोगी र अन्धभक्तजस्ता रहेका व्यक्ति मस्कोका मेयरमा अत्यधिक मतले जिते । उनी देशभरमा नै जनप्रिय हुनेजस्तो देखियो । सोभियत समाजवादी गणतन्त्र रुसमा राष्ट्रपति स्टालिनका ती भक्त मारिए र कसले मार्‍यो भन्नेसमेत राम्रो छानबिन नहुँदा थाहा भएन । चीनमा सुधारवादी नेता तेग् स्याओपिङलाई माओले धेरै दु:ख दिए मात्र होइन, बरु उनका जेठा छोरालाई माओको लालसेनाले कुटेर र तलामाथिबाट खसालेर अपांग नै बनाए ।

अहिलेको चीन माओको चीन होइन, माओको समय अर्थात् २९७० को दशकको पूर्वार्द्धमा माओको मृत्य भयो । त्यस समयमा चीनको विकास भारतको भन्दा राम्रो थिएन । उत्तर कोरिया विरोध गर्ने आफ्नै परिवारका सदस्यहरु र नातेदारलाई पनि सिकारी कुकुरहरुको खोरमा नै फालिदिएर मारेका आरोपहरु लागेका छन् । खमेरुजहरुले विरोधीहरुलाई तहसनहस पार्दा देश नै तहसनहस भयो । ९५ प्रतिशतभन्दा ज्यादा बौद्धहरु भएको देशमा अहिले करिब ९५ प्रतिशत इसाईहरु छन् । धर्मको राजनीति पनि अचम्मको छ । देश डुबोस्, तानाशाह नै आओस्, जनतामा दुखैदु:ख होस् तर त्यसै कारणले आफ्नो धर्म प्रचार गरेर धार्मिक प्रभुत्ता स्थापना गर्न पाइन्छ भने त्यो पनि ठीक छ भन्ने पनि छन् । त्यसको पछि लाग्नेहरु नेपालमा पनि सलबलाएका होलान् । नेपाल गृहयुद्धमा गए जाओस् तर आफ्नो धार्मिक अभीष्ट पूरा हुनुपर्छ भन्ने सोच कदापि राम्रो हुन सक्दैन ।

अर्थात् देशमा धेरै पक्षका प्रभावहरु र स्वार्थहरुले काम गरेका हुन्छन् । राम्रो देखाउने, परिणाम नराम्रो आउने कार्य पनि हुने गर्छन् । नेपालमा राजनीतिक अवस्था अहिले कमसे कम कम्पुचिया, उत्तर कोरियाको जस्तो छैन । ओलीको कार्यशैली मन नपरे अर्को दल खोज्न पाइन्छ । फरक मत भनेर एउटै पार्टीमा बाँधिन पर्दैन, पर्खन सके र केही लक्ष्मणरेखाहरु पार नगरे पार्टीमा रहन पनि सकिन्छ । एमालेमा माओवादी पक्षको बाहिर गमन भयो, माधवकुमार नेपालहरु फुट्नेजस्ता कार्य भए । बामदेव पनि एमालेमा सकारात्मक सन्देश दिने व्यक्तित्व रहेनन् । त्यो अवस्थामा कतै एकपा एमाले पूर्ण त अव्यवस्थित हुने पो हो कि ? भन्ने थियो तर चुनावमा सबै दलको भन्दा पपुलर मत एमालेले ज्यादा ल्यायो । यो एमालेको सम्पत्ति हो र यो सम्पत्तिलाई बचाउने कार्य ओलीको मात्र नेतृत्व र त्यसमा सम्हालिएकाहरुको भावनाको कारणले भएको हो । यो कार्यको लागि पनि रावलको सकारात्मक भूमिका रहेन । रावलले जहिले पनि ओलीको विरोध मात्र गरे । पार्टी कठिन अवस्थामा अर्थात् संक्रमणकालमा उनले ठूलो गल्ती नै गरेका हुन् । यद्यपि उनी समाज र राष्ट्रका लागि बेइमान नेता होइनन् । जानेर मात्र होइन, नजानेर पनि समाज र देशको प्रत्यक्ष अहित गरेका नेता होइनन् । हामी राजनीतिभन्दा बाहिर रहनेले उनलाई नकारात्मकरुपमा हेर्न आवश्यक छैन । तर उनको एमालेमा क्रियाकलाप जस्तो हुनुपर्ने हो त्यस्तो नभएको सत्य नै हो ।

बहुदलीय लोकतन्त्रमा मन नमिलेपछि अर्को दल खोल्ने, मन मिल्ने अर्थात् मुख्यत: वैचारिक धार मिल्ने दलमा जान सकिनेसमेत अधिकार छ । दलमा उचित योगदान दिइएन वा दिन चाहिएन या दिन दिइएन भने, एक दलीय सर्वसत्तावाद या धार्मिक राज्यमा जस्तो ज्यानकै खतरा पनि हुँदैन । नेकपा एमालेको संस्थापन पक्षले गल्ती नै गरेको र रावल ठीक छन् भने आउँदो चुनावमा जनताले र कार्यकर्ताहरुले मूल्यांकन गर्ने नै छन् । तर ओलीको इतिहासले देखाएको छ, बहुमत लोकतन्त्रका पक्षधर कम्युनिस्टहरु उनको साथमा अर्थात् एमालेको वर्तमान नेतृत्वमा रहेको र रहन चाहेको देखिएको छ । माओवादीको ठूलो हिस्साले र दुई पार्टीका तर्फबाट पूर्वप्रधानमन्त्रीसमेत भएकाले बल गर्दासमेत केही नभएर अझै पपुलर मत ज्यादा ल्याएको ओलीको नेतृत्व भीम रावलको कारणले ताछिन्छ जस्तो लग्दैन ।

ओलीलाई उनीभन्दा पहिला नेता भएकाहरुले हेपेको कारण र उनको जनप्रियता नबुझेको कारण एमालेमा विवाद आएको हो । कांग्रेसमा पनि गिरिजाप्रसाद कोइरालाको जनप्रियता र उनीभन्दा सिनियर नेताहरुले उनलाई हेपेको कारण नै कांग्रेसमा विवाद आएको थियो । पार्टीमा यस्ता अवस्था आउँछन्, जसले जनताको पक्षमा को छन् भन्ने मूल्यांकनको प्रतीक्षा गरेका हुन्छन् । एमालेलाई प्रचण्डहरुले कब्जा गर्न खोजे तर सफल भएनन्, माधव नेपालहरुले देखाइदिन खोजे तर सकेनन् । बामदेव निष्क्रिय भए पनि फरक परेन, केही मार्क्सवादीहरुले चित्त दुखाउँदा पनि केही भएन, रावलको कारणले केही होला त ?

एमाले र ओलीको चट्टानी अडान एक-अर्काका पूरक भएका छन् । केवल लोकतन्त्रलाई मूल एजेन्डा र लोकतन्त्रको माध्यमबाट नै समाजवाद जान सबैभन्दा उपयुक्त हुन्छ भन्ने सन्देश एमालेमा अझै सशक्त भएर जानुपर्छ अर्थात् एमालेले आफूलाई लोकतान्त्रिक समाजवादी धारमा इमानदारीसाथ विश्वको सामु प्रस्तुत भएर जनताको सेवामा लाग्ने आवश्यकता अझै ज्यादा छ । यसै माध्यमबाट एमालेको पहिचान बलियो हुन्छ र पात्रहरु त अस्थायी माध्यम मात्र हुन् । लोकतन्त्रमा आधारित समाजवाद नै यो शताब्दीको लक्ष्य र व्यवहार हुन आवश्यक छ । लोकतन्त्र नै यस्तो परिपाटी हो जहाँ नेताले नजानेर गल्ती गर्ने सम्भावना कम हुन्छ, किनकि उसका विरोधीहरुले उसको गल्ती देखाइरहेका हुन्छन् । नेतामा आफू अरुभन्दा भिन्नै र ठूलो हुँ भन्ने भ्रम एवं घमण्ड रहन सक्दैन, नभए तानाशाही व्यवस्थामा जस्तो त हुनै सक्दैन, यो नै लोकतन्त्रको सुन्दर पक्ष हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# अनि कांग्रेसमै फर्कने निर्णयमा पुगेँ...

हरिबोल भट्टराई

नेपाली कांग्रेसको इतिहासको बारेमा सबै जानकार नै हुनुहुन्छ । क्रान्तिकारी आदर्श, सिद्धान्त बोकेको प्रजातान्त्रिक पार्टी हो । बीपी, सुवर्ण शमशेर, गणेशमान, कृष्णप्रसाद भट्टराईजस्ता नेताहरूले नेतृत्व गर्नुभएको पार्टी हो । उहाँहरू वजनदार नेतृत्व भएका उहाँहरूको सिद्धान्त र गन्तव्य प्रस्ट थियो । विचारसँगै आचार पनि चाहिने रहेछ ।

अहिले हेर्नुहुन्छ भने आचारकै अभावमा भ्रष्टाचारले गर्दा देशको थिति बिग्रिएको देखिन्छ । हामी जहिले पनि विचारको विषयमा छलफल गर्छौं तर, विचारभन्दा आचार महत्त्वपूर्ण विषय हो । संस्थापक नेताहरू ती आचार-विचार दुवैमा पोख्त हुनुहुन्थ्यो र त्यसैबाट नेपाली कांग्रेसमा आकर्षित भइयो । देशका लागि प्रजातन्त्र, नागरिक स्वतन्त्रता चाहिन्छ, नागरिकहरू अधिकार सम्पन्न भएमात्र राज्य रूपान्तरण हुन्छ । नागरिकहरूलाई अधिकार सम्पन्न बनाउने व्यवस्था प्रजातान्त्रिक व्यवस्था हो । त्यस कारण प्रजातन्त्र नै चाहिन्छ, नभए देशको उन्नति हुँदैन भन्ने निष्कर्षमा केटाकेटी अवस्था देखि नै पुगेको हो ।

२०१७ सालमा राजाले प्रजातन्त्र 'कु' गरेर सत्ताबाट हटाएको पार्टी नेपाली कांग्रेसले सैर्ष गर्दै थियो, ठुला र योग्य नेताहरू पनि सोही दलमा थिए । त्यसैले २०१७ सालबाट पार्टीमा लागेर काम गर्दै २०७४ सालसम्म कांग्रेसमा बसियो ।

तर, ०६२/०६३ सालदेखि त्यो पार्टीको क्रियाकलापमा चित्त बुझेन । गाउँ-गाउँमा सोझासाझा नागरिकहरूलाई निर्दयी भएर अत्यन्त दु:ख दिएर हिँडे । केके हो, केके वादको कुरा गरे । तर, आखिर त्यो केही होइन रहेछ र अन्तिममा संसदीय व्यवस्थामा आएर शरण लिए उनीहरूले । तिनीहरूको पछि लागे नेपाली कांग्रेसका नेताहरू । यस विषयमा गिरिजाबाबुसँग धेरै बहस गरियो । उहाँले 'यो पछि करेक्सन गर्छु, अहिले मलाई दबाब परेको छ । यिनीहरूलाई प्रतिस्पर्धात्मक संसदीय राजनीतिमा प्रवेश गराउँ । त्यसपश्चात यिनीहरूलाई सोझ्याउन सकिन्छ । म त्यो औषधि गर्छु, तपाईंहरू चुप लाग्नुस्' भन्नुभयो ।

उहाँ (गिरिजा प्रसाद कोइराला) आफूले भनेको कुरा 'करेक्सन' नगरी बितेर जानुभयो । अनि नेतृत्वमा आएका नेताहरू झन्-झन् त्यही प्रचण्ड पथको बाटो हिँड्न थाले । देशका लागि घातक बाटो पछ्याएर उनीहरू हिँडे । त्यसमा चित्त बुझेन र अति हुने भयो, देश नै बर्बाद हुने भयो, राष्ट्रियता र राष्ट्रिय अस्मिता नै सङ्कटमा पर्ने भयो भनेर अर्को बाटो लिइयो । बीपीको विचारकै बाटोलाई राम्ररी बुझेर त्यस अनुसार ठोस कार्यक्रम बनाएर प्रतिबद्ध हुँदै काम गर्ने भए देश पाँच वर्षमै सुन्दर, सभ्य र राम्रो बनाउन सकिन्छ भनेर फरक बाटो रोजियो । यो विचार सहित मेरै अग्रसरतामा बीपी कांग्रेस भनेर पार्टी खोलियो । भित्र सैर्ष गरेर साध्य भएन, बाहिर पार्टी नै खोलेर जनता माझ जानुपर्छ भनेर पार्टी खोलेर लागियो ।

तर,व्यवहारमा सबै कुरा सोचेअनुसार हुने रहेनछ । व्यवहारमा कुरा गर्दा चुनाव लडियो र नराम्रोसँग पराजय भोगियो । जनताले विचार सुनेर मत दिएनन् । जनताले उही पुरानै दलका चुनाव चिह्नमा मत दिन थाले । दोस्रो पटक पनि सकिन्छ कि भनेर चुनाव लडियो तर जनताले पुन: मत दिएनन् ।

यही बिचमा आफैंले गम्भीर समीक्षा गरेँ । यो बाटो परिवर्तन गर्नुपर्छ भनेर मैले बीपी कांग्रेसको पार्टी सभापति छोडेँ । त्यसपछि सुशीलमान शेरचनजी पार्टी सभापति हुनुभयो । पछिल्लो चुनावमा त उहाँ नै हुनुहुन्थ्यो सभापति । उहाँ सभापति हुँदा पनि निर्वाचनमा नतिजा राम्रो आएन । एउटा सिटमा पनि जित हासिल गर्न सकिएन । एक जना भए पनि सांसद बन्न सकिएन । हामीलाई जनताको मन जित्न गाह्रो पर्‍यो । अनि नहुने भयो भनेर पुन: नयाँ बाटो रोज्नुपर्छ भन्ने लाग्यो ।

शेरबहादुर देउवाजी पनि विगतमा कांग्रेस छोडेर नेपाली कांग्रेस प्रजातान्त्रिक खोलेर हिँड्नु भएकै हो । उहाँ पनि केही सिप लागेन र मूल पार्टीमै फर्किएर आउनुभयो । २ पटक पार्टी सभापति भइसक्नुभयो । यसो हेर्दा सीपी मैनालीजीहरू अर्को दलको भए पनि हराएसरह देखिनु हुन्छ । अनि चौतर्फी विश्लेषण पनि गरियो । समीक्षा गरेर हेर्दा जनताले भोट दिने बेलामा आफूले मतदान गर्ने पार्टी र चुनाव चिह्नमात्र सम्झँदो रहेछ । अरू बेला रेडियो, टेलिभिजन लगायत नयाँ मिडियाबाट समेत विचार सुन्ने, हेर्ने र प्रशंसा गर्ने भए पनि भोट त नआउने रहेछ । विचार सुन्ने तर भोट हाल्ने बेलामा जुन दल सोचेको छ, त्यसैमा मात्र हात जाने रहेछ ।

प्रजातन्त्रमा जनताको मतभन्दा ठुलो अर्को विषय नै छैन । जनताको विश्वास र मत जित्न सकेमात्र आफ्ना नीति, सिद्धान्त र कार्यक्रम लागु गर्न सकिने रहेछ । अनिमात्र गफ गरेभन्दा पनि ठोस परिणाम निकाल्न सकिन्छ । हामीले जनताको मत जित्न नसक्ने स्थिति प्रमाणित भएपश्चात् अब यो बाटोमा लागेर नहुने रहेछ भन्ने निष्कर्षमा पुगियो । त्यसैले बरु पुरानै पार्टीमा फर्किनुपर्छ भन्ने लाग्यो । कांग्रेसमाथि जनताको भरोसा पनि हालसम्म छँदैछ । पार्टीको सङ्गठन पनि छ । साधारण र क्रियाशील सदस्यहरू पनि छन् । निरन्तर गतिशील पार्टी नेपाली कांग्रेस भएकै अवस्थामा त्यही पार्टीभित्रै विचार-विमर्श गराएर त्यहीँबाट परिवर्तन गराउन सकिन्छ भन्ने मलाई लाग्यो ।

यहाँ जुनसुकै विषयमा परिवर्तन ल्याउन ठुला पार्टीहरू नै अग्रसर नभइ हुँदैन । नेपाली कांग्रेस मुख्य र इतिहास बोकेको पार्टी हो तर अहिलेका नेताहरूले बिगार्नुभएको मात्र हो । त्यसैले कांग्रेसभित्रै गएर सुधार गरेर देश र जनताका लागि केही काम गर्न सकिन्छ भन्ने विचारले मलाई कांग्रेसमा फर्कायो, म फर्किएँ । पार्टीले अङ्गीकार गरेको नीतिमा छलफल गराउने विचारका साथ हामी पुन: प्रवेश गरेका छौँ ।

बीपीको विचारमा पनि परम्परागत कुरा आवश्यकता अनुसार रूपान्तरण गर्न सकिन्छ तर, परम्परागत सूत्रलाई छाड्नुहुन्न । हो, यसैका लागि नेपाली कांग्रेसमा केही गर्न सकिन्छ कि, विचार-विमर्श गरेर साथीहरूलाई कन्भिन्स गराउन सकिन्छ कि भन्ने मेरो चेष्टा हुन्छ र रहन्छ । किनभने विदेशीको देखासिकी गरेर प्रचण्डजी जस्ता नेता राजनीतिमा आएर विदेशीले भने अनुसार गर्ने, 'क्रमभङ्ग' भनेर जरासँग जोडिएको हाम्रो सभ्यता, संस्कृति तथा परम्परागत संस्कारको त्यान्द्रो भङ्ग गर्न थाल्नुभएको छ । जबकि परम्परागत संस्कार, संस्कृतिले नै राष्ट्रलाई बलियो पार्ने हो । त्यो परम्परागत सूत्रमा सुधार गर्दै जानुपर्छ । समयसापेक्ष बनाउँदै नयाँनयाँ अनुभवलाई लिएर अघि बढ्नुपर्ने हो । उहाँहरूले त ठिक विपरीत सबैलाई मास्नुपर्छ भन्न थाल्नुभयो । त्यसैमा कांग्रेस पनि मिलेपछि राष्ट्र कमजोर बन्छ भन्ने हामीलाई लागेको हो ।

**बीपी कांग्रेसबारे**

बीपी कांग्रेसले लिएको लाइन ठिक छ । तर, विचार भएरमात्र हुने रहेनछ । जनताले पुरानै सङ्गठन र दलहरूमा विश्वास र भरोसा गर्नुभयो । मेरो बुझाइमा बीपी कांग्रेस विचार बोक्ने संस्थाचाहिँ हो र यसको अस्तित्व पनि रहन्छ । अझै साथीहरू दृढ भएर लाग्नुभएको छ र विचार छाडेर हिँड्न हुँदैन भनेर लाग्नु भएको छ । सुशीलमान शेरचन, झलनाथ वाग्ले, कर्ण मल्ल लगायतका साथीहरू त्यहीँ बसेर केही गर्न सकिन्छ भन्ने विश्वासमा हुनुहुन्छ ।

तर, म त्यो सम्भव देखिरहेको छैन । पार्टी सञ्चालनमा साधन-स्रोत पनि चाहिन्छ । पुराना पार्टीहरूले धेरै साधन-स्रोत सङ्कलन गरि सकेको अवस्था छ । उनीहरूसँग साधन-स्रोतको हिसाबले समेत प्रतिस्पर्धामा आउन सकिँदैन भन्ने मेरो भनाइ हो । तर पनि उहाँहरू दृढ भएर लाग्नुभएको छ र विचारको बिउ उहाँहरूले जोगाएर राख्नुहुन्छ भन्ने मलाई लाग्छ । त्यो विचारको बिउले सफलता पाउँछ भन्ने ग्यारेन्टीचाहिँ म गर्न सक्दिनँ ।

अर्को चरणमा कांग्रेसमै प्रवेश गर्ने भनेर २/४ जना साथीहरू सल्लाहमा हुनुहुन्छ । बिस्तारै बिस्तारै कांग्रेसमा फर्कने मुडमा साथीहरू हुनुहुन्छ । एकदमै फर्कनै नसक्ने र दृढ भएर विचार बोक्ने साथीहरू त्यहीँ रहनुहुन्छ । साधन-स्रोतको अभावमा राष्ट्रव्यापी दल बनाउन पनि उहाँहरूलाई एकदमै गाह्रो छ । समिति संख्यामै सीमित रहेर उहाँहरू विचारको बिउलाई संरक्षण गरेर बस्नुहुन्छ । तर, सफलताचाहिँ म देख्दिनँ ।

*(साभार: रातोपाटी)*

# विद्यालय मर्ज गर्न सरकारलाई सकस

काठमाडौं/बागलुङको जैमिनी नगरपालिकाले गत १ पुसमा ४ जनाभन्दा कम विद्यार्थी भएका विद्यालय आपसमा गाभ्यो । अझै ५ वटा विद्यालय गाभ्ने योजनामा नगरपालिका छ । 'दुई तीनजना विद्यार्थी भएका विद्यालय मर्ज गरेका हौं,' नगरपालिकाका उपसचिव खेमप्रसाद आचार्यले भने, 'भौगोलिक कठिनाइले केही विद्यार्थी ल्याउन नसकिएकाले पाँचवटा विद्यालयको मर्ज हुन सकेको छैन ।'





विद्यार्थी थोरै भएका पाँचवटा विद्यालयलाई १ वैशाखसम्म मर्ज गर्ने उनले बताए । 'विद्यार्थी नभएर शिक्षक घाम तापेर बस्नुपर्ने भयो । दुईजना विद्यार्थी राखेर के पढाइ हुन्छ ? त्यसैले मर्ज गरेका हौं,' उनले भने ।आगामी शैक्षिकसत्रमा केही विद्यालयलाई आवासीय बनाएर मर्ज गर्ने सोच जैमिनी नगरपालिकाको छ । 'आवसीय विद्यालय बनाउने निर्णय गरेका छौं । वैशाखसम्म १० वटा विद्यालय मर्ज हुन्छन्,' आचार्यले भने, 'विद्यार्थी नभएका विद्यालयका शिक्षकको दरबन्दी मिलान गरेर काममा खटाएका छौं ।'

हिमाली जिल्ला मनाङको ङिस्याङ गाउँपालिकाका ९ वटा वडामा एक-एक विद्यालय छन् । प्रत्येक विद्यालयमा सयभन्दा कम विद्यार्थी छन् । गाउँपालिकाको शिक्षा अधिकृत मञ्जु सुवेदीका अनुसार माध्यामिक विद्यालयमा सबैभन्दा धेरै ७० जना विद्यार्थी छन् ।

'कुनै स्कुलमा ९ जना, १२ जना र १५ जना छन्,' उनले भनिन् । तीनवटा प्राविमा १ कक्षामा मात्र विद्यार्थी छन् । दुई, तीन, चार र पाँच कक्षामा विद्यार्थी नै छैनन् । 'विद्यार्थी नभएका विद्यालयका शिक्षक्लाई काजमा अर्को विद्यालयमा पठाइएको छ,' सुवेदीले भनिन् ।

भुगोलको हिसाबले विद्यालय मर्ज गर्न पनि सम्भव नभएको उनी बताउँछिन् । 'मनाङमा जनसंख्या पनि थोरै छ । एउटा वडामा एउटा स्कुल छ, मर्ज गर्न सम्भव छैन,' उनले भनिन् ।

सिन्धुलीको कमलामाई नगरपालिकाका दुईवटा विद्यालयमा विद्यार्थी नै छैनन् । नगरपालिकाका शिक्षा अधिकृत हितकुमारी पौडलका अनुसार दुईवटा विद्यालयका बालविकासमा भने विद्यार्थी छन् । 'एक, दुई, तीन, चार र पाँच कक्षामा विद्यार्थी छैनन्,' उनले भनिन्, 'मर्ज गर्न मिल्ने ठाउँमा गरेका छौं ।

भूगोलका कारण कतिपयको मर्ज हुन सकेको छैन ।' कमलामाइ नगरपालिकामा १०३ वटा विद्यालय रहेकोमा मर्ज गरेर हाल ७२ वटा विद्यालयमा झारिएको छ । तर, अझै पनि १०० भन्दा कम विद्यार्थी भएका विद्यालय छन् । 'विद्यार्थी नभएका विद्यालयका शिक्षकलाई अर्को ठाउँमा सरुवा गर्ने प्रक्रियाअगाडि बढाएका छौं,' उनले भनिन् ।

अनिवार्य तथा नि:शुल्क शिक्षा ऐनले कुनै पनि विद्यार्थी पढ्नबाट वञ्चित हुन नपाउने भनिएको छ । 'थोरै विद्यार्थी भए पनि पढाउनुपर्ने हुन्छ । पढाइबाट बञ्चित गर्न नमिल्ने भएकाले मर्ज गर्न सकिएको छैन,' उनले भनिन् ।

यी केही प्रतिनिधिमूलक विद्यालय हुन् । शिक्षा मन्त्रालयका अनुसार देशभर १०० भन्दा कम विद्यार्थी भएका विद्यालयको संख्या १५ हजार ९ सय ६५ वटा छ । १०० देखि ५०० सम्म विद्यार्थी भएका विद्यालयको संख्या ९ हजार ७०७ छ ।

पाँच सय एक देखि एक हजारसम्म विद्यार्थी रहेका विद्यालयको संख्या एक हजार ६ सय ३६ वटा छ । एक हजार एकदेखि एक हजार पाँच सयसम्म विद्यार्थी भएका विद्यालयको संख्या चार सय ४९ वटा छ । एक हजार पाँच सय एकदेखि दुई हजारसम्म विद्यार्थी भएका विद्यालयको संख्या एक सय ३६ वटा छ ।

दुई हजार बढी विद्यार्थी भएका विद्यालयको संख्या एक सय वटा छ । देशभर सामुदायिक र निजी गरी ३५ हजार ८ सय ७६ वटा विद्यालय छन् । सामुदायिक मात्र २७ हजार ९ सय ९० वटा छन् । बसाइसराइ र जनसंख्याको वृद्धिदर घटेकाले पछिल्लो समय विद्यार्थीको संख्या पनि घटिरहेको शिक्षा मन्त्रालयको भनाइ छ ।

### सरकारको मर्जर नीति

सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्न थालेपछि शिक्षा मन्त्रालयले मर्जर नीति लिएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्माका अनुसार एक हजार चार सय विद्यालय मर्ज गरिएको छ । विद्यालय मर्ज गर्ने अधिकार स्थानीय सरकारलाई दिइएको छ । तर, विद्यार्थी कम हुँदैमा एकैपटक मर्ज गर्न नहुने बताउँछन् महानिर्देशक शर्मा ।

'अनिवार्य तथा नि:शुल्क शिक्षा ऐनले विद्यार्थीको घरपायक पर्ने ठाउँमा विद्यालय हुनुपर्ने भनेको छ । थोरै विद्यार्थी भए पनि पढाउनुपर्ने हुन्छ । कम विद्यार्थी भए भन्दैमा मर्ज गर्ने भन्ने हुँदैन,' उनले भने, 'विद्यार्थीलाई पढ्ने वातावरण दिएर मर्ज गर्ने हो ।'

सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधिमा विद्यालयहरू बीचको दूरी पाँच किलोमिटरभन्दा कम भई आधा घण्टाभन्दा कम पैदल यात्राको समय लाग्नेमा मर्ज गर्ने भनिएको छ ।

त्यसैगरी, सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टाभन्दा कम समय लाग्ने विद्यालयहरू मर्ज गर्नुपर्ने कार्यविधिमा भनिएको छ । कम विद्यार्थी राखेर विद्यालय चलाउँदा राज्यलाई आर्थिक भार परेको विषय बहसमा आउने गरेको छ । तर, महानिर्देशक शर्मा यसमा फरक मत राख्छन् । 'शिक्षामा खर्च बढ्यो भनेर हुँदैन । विद्यार्थीलाई पढाउनु राज्यको दायित्व हो,' उनले भने ।

शिक्षा मन्त्रालयले कम विद्यार्थी भएका विद्यालयलाई कहाँ कसरी व्यवस्थापन गर्ने भनेर योजना बनाउन स्थानीय सरकारलाई भनेको छ । 'स्थानीय सरकारलाई योजना बनाउन भनेका छौं । कुनमा मर्ज गर्ने कति मर्ज गर्ने त्यो स्थानीय सरकारको शिक्षा योजनामा आउनुपर्छ,' शर्माले भने ।

### आवासीय विद्यालयको अवधारणा

कार्यविधिमा भौगोलिक क्षेत्रअनुसार विद्यार्थी संख्याको आधारमा मर्ज गर्न सकिने भनिएको छ । हिमाली क्षेत्रमा कक्षा एकदेखि तीनसम्म ३० जना, कक्षा एक देखि पाँचसम्म ५० जना, कक्षा नौ देखि १० मा २० जना र कक्षा ११ देखि १२ मा २० जना विद्यार्थी नभएमा समायोजन गर्न सकिने छ ।

पहाडी क्षेत्रमा कक्षा एकदेखि तीनसम्म ४५ जना, कक्षा एकदेखि पाँचसम्म ७५ जना, कक्षा ६ देखि आठसम्म ४५ जना, कक्षा नौदेखि १० मा ३० जना र कक्षा ११ देखि १२ सम्म ३० जना विद्यार्थी नभएमा समायोजन गर्ने भनिएको छ ।

त्यसैगरी, तराई र उपत्यकाको हकमा कक्षा एकदेखि तीनसम्म ६० जना, कक्षा एकदेखि पाँचसम्म १०० जना, कक्षा ६ देखि आठसम्म ६० जना, कक्षा नौदेखि १० सम्म ४० जना र कक्षा ११ देखि १२ सम्म नि ४० जना विद्यार्थी नभएमा समायोजन गर्न सकिने कार्यविधिमा भनिएको छ ।

राष्ट्रिय जनगणना वा स्थानीय तहको तथ्याङ्कका आधारमा विद्यालय रहेको समुदायको घरधुरी संख्या कम भएका र जनसंख्या वृद्धिदर न्यून भएको समुदायमा रहेका विद्यालय पनि मर्ज गर्न सकिने नीति शिक्षा मन्त्रालयको छ । तर, भौगोलिक हिसाबले समायोजन गर्न कठिन भएको स्थानीय सरकारको गुनासो छ । यसका लागि आवासीय विद्यालयको अवधारणामा जानुपर्ने सुझाव आइरहेको छ ।

'भौगोलिक हिसाबले टाढा भएको ठाउँमा एउटा पालिकामा एउटा आवासीय विद्यालय बनाएर मर्ज गर्नुपर्छ,' संसद्को शिक्षा समितिका सभापति अम्बरबहादुर थापाले भने । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक शर्मा पनि आवासीय विद्यालयको अवधारणामा जान सकिने बताउँछन् ।

कार्यविधिमा पनि भौगोलिक विकटता भएका स्थानको हकमा बालबालिकालाई लक्षित गरी पायक पर्ने स्थानमा आवासीय सार्वजनिक विद्यालय सञ्चालन गर्न सकिने भनिएको छ ।

### माघबाट थप मर्ज गरिने

शिक्षा मन्त्रालयले उच्चस्तरीय दरबन्दी पुनरावलोकन कार्यदलले प्रतिवेदन बुझाएपछि थप विद्यालय मर्ज गर्ने तयारी गरेको छ । विद्यार्थीको संख्या यकिन भएको, तर शिक्षक कर्मचारीको संख्या यकिन नभएकाले विद्यालय मर्ज गर्न कठिन भएको मन्त्रालयको भनाइ छ ।

त्यसैले सामुदायिक विद्यालय तहमा कार्यरत शिक्षक, विद्यालय कर्मचारी, बाल विकास सहयोगी कार्यकर्ताहरूको स्थिति अध्ययन गर्न कार्यदल बनाइएको छ । 'कार्यदलको प्रतिवेदन आएपछि शिक्षकको यकिन तथ्यांक आउँछ । त्यसपछि विद्यालय मर्ज गर्न सजिलो हुन्छ । माघसम्म निचोडमा पुग्छौं,' शिक्षामन्त्री विद्या भट्टराईले भनिन् ।

*(स्रोत:अनलाइनखबर)*

# यस्तो छ नाजिर र सृष्टि स्टारर 'केटी हराएको सूचना'को ट्रेलर



काठमाडौं/३२ वर्षअघिको चर्चित डकु-ड्रामा 'उजेली'का निर्देशक दीपेन्द्र गौचनको पहिलो निर्देशकीय फिचर फिल्म 'मिसिङ: केटी हराएको सूचना'को दोस्रो ट्रेलर सार्वजनिक गरिएको छ ।

'सपनीमा' गीतको सानो अंश समेत समावेश ५ मिनेटभन्दा लामो ट्रेलरले फरक पृष्ठभूमि र भूगोलका दुई पात्रबीचको मित्रता र उनीहरुको सम्बन्धमा आउने उतार चढावको कथालाई रोचक ढंगले पेश गरेको छ ।

फिल्मका शीर्ष अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठको डेटिङ एपबाट चिनजान भएपछि भेट हुन्छ । त्यसपछि घनिष्ट बनेका उनीहरुको सम्बन्धमा विस्तारै दरार उत्पन्न हुन थाल्छ । ट्रेलरको अन्तिममा ट्रेनभित्र नाजिरले बन्दुक तेर्साएर सृष्टिलाई अपहरण गर्न खोजेको देखिन्छ । फिल्मले पहाडी र मधेशी समुदायमा मेलमिलापको खोजीको कथा भन्ने ट्रेलरले संकेत गर्छ ।

आगामी माघ ११ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा नाजिर र सृष्टिसहित सञ्जय गुप्ता, रिना रिमाल, मदन ठाकुर, कौशल्या ठाकुर, रामनारायण ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, मनोज शाहलगायतको पनि अभिनय छ । स्पेसल अपियरेन्समा अमितेष शाह रहेका छन् । यसमा निर्देशक गौचन स्वयंको लेखन तथा निर्माण छ ।

नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व, दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करुण थापाको संगीत, दीपेन्द्र गौचन, अमितेष शाह, करुण थापाको शब्द, सितुसित बस्नेत, रोहित जोन क्षेत्री, प्रवेश मलिक, नेहा प्रियदर्शनी, करण परियार र इन्दिरा जोशीको स्वर, रामजी लामिछाने र राजीव कर्णको कोरियोग्राफी छ ।

# 'मखमली' गीतपछि 'ऊनको स्वीटर'को विदेश बिक्री आक्रामक

काठमाडौं/यतिबेला निकै चर्चामा रहेको गीत हो, 'मखमली' । फिल्म 'ऊनको स्वीटर'मा समावेश यो गीत धेरैको मुख-मुखमा झुण्डिएको छ । यसमा हजारौं टिकटक र रिल्स बनिसकेका छन् भने युट्युबमा भ्यूज मात्र ३७ लाख बढी छ । गीतले राम्रो हाइप लिइर हँदा विदेशमा आक्रामक रुपमा फिल्म पनि बिक्री भइरहेको छ । गीत रिलिजपछि निर्माताले १० भन्दा बढी देशमा फिल्म बिक्री गरिसकेका छन् ।




'सेभेन सिज इन्टरनेशनल फिल्म्स्'ले अमेरिका, अस्ट्रेलिया, मध्यपूर्वी देश, माल्टा र मलेसियाका लागि फिल्मको प्रदर्शन अधिकार खरिद गरेको छ भने दक्षिण कोरिया, क्यानडा, जापान, यूकेबाहेकका यूरोपियन देशहरूमा पनि फिल्म बिक्री भइसकेको निर्देशक नवीन चौहानले जानकारी दिए । यी सबै देशमा नेपालकै मितिमा फिल्म रिलिज हुनेछ ।

आगामी बैशाख २६ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्ममा विपिन कार्की र मिरुना मगर मुख्य भूमिकामा छा् भने सुनिल पोखरेल, माओत्से गुरुङ, विल्सन विक्रम राई, प्रेम सुब्बा, एलेक्स पारस, परीक्षा लिम्बु, सुरज तमू, भावना खपाङ्गी मगरलगायतको अभिनय छ । फिल्मलाई निर्देशक चौहानले नै लेखेका हुन् भने उनलाई लेखनमा सुरज कटुवालले सघाएका छन् ।

फिल्ममा चिन्तन राजभण्डारीको छायांकन तथा कृष्ण भण्डारीको सम्पादन छ । आर्टमाण्डूको निर्माण रहेको फिल्मको कार्यकारी निर्माता सागर बुढाथोकी र मिलन खत्री हुन् । फिल्मका गीतहरुमा सुजन चापागाईं, झुमा लिम्बू, सुनिता थेगीम र सलिना बिकको गायन छ । फिल्मको घोषणाताका सार्वजनिक 'फूल' गीत पनि निकै चर्चित बनेको छ । युट्युबमा भ्यूज मात्र डेढ करोड बढी छ ।

# संसदीय समितिमा उजुरीको चाङ, नियमित बैठक नबस्दा छानबिन सुस्त

काठमाडौं/नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सांसदहरूले प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको नियमित बैठक माग गर्दै आएका छन् । तर, समितिको बैठक निकै काम मात्रै बस्ने गरेको छ ।

रास्वपाका सांसद मनीष झाले मंगलबार समिति सभापति ऋषिकेश पोखरेललाई सम्पर्क गरेर समितिको बैठक राख्न आग्रह गरे । ऊर्जामन्त्री दीपक खड्कामाथि भ्रष्टाचारको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेकाले समितिको चासो रहनुपर्ने सांसद झाको भनाइ थियो । जवाफमा सभापति पोखरेलले 'आफू केही दिन काठमाडौं बाहिर रहेकोले फर्किएपछि बैठक राख्ने' जवाफ दिए ।

माओवादी केन्द्रका सांसद लेखनाथ दाहाल समितिको बैठक नियमित राख्न आफूहरूले दबाब दिइरहेको बताउँछन् । उनी भन्छन्, 'हिजै (मंगलबार) पनि हामीले समितिका माननीयहरू रहेको ह्वाटस्याप ग्रुपमा अनौपचारिक छलफल गर्‍यौं । तर, बैठक बस्न सकिराखेको छैन ।'

सार्वजनिक लेखा समितिको बैठक अनियमित छ । पछिल्लो समय यो समितिको बैठक ७ पुसमा बसेको थियो । त्यसअघि ९ भदौमा बसेको थियो । करिब चार महिनापछि बसेको ७ पुसको बैठकमा सांसदहरूले नियमित बैठक राख्न सभापति पोखरेललाई आग्रह गरेका थिए ।

नेपाली कांग्रेसका सांसद राजेन्द्र केसीले लेखा समितिको बैठक नियमित रूपमा राख्नुपर्ने बताएका थिए । विभिन्न अनियमितताका घटना आइरहेकाले पनि लेखा समितिको बैठक नियमित राख्नुपर्ने उनको भनाइ थियो । त्यस दिन माओवादी केन्द्रका सांसद अमनलाल मोदीले पनि लेखा समितिको बैठक नियमित राख्न र समितिमा रहेका उजुरीहरूमाथि छानबिन अगाडि बढाउन माग गरेका थिए ।

सदस्यहरूको ताकेतापछि पनि समितिको बैठक नियमित बस्न सकेको छैन । नेपालको संसदीय अभ्यास हेर्दा सार्वजनिक लेखा समितिको नेतृत्व अधिकांश समय प्रतिपक्षी दलले गरेको देखिन्छ । अहिले समितिको नेतृत्व पनि सरकारको नेतृत्व गरिरहेको एमालेले गरिरहेको छ । सरकारका गलत कामलाई निगरानी, खबरदारी गरी 'चेक एन्ड ब्यालेन्स' कायम गर्न लेखा समितिलाई प्रतिपक्षी दलको नेतृत्व दिने गरिएको अभ्यास हुँदै आएको हो ।

लेखा समितिको बैठक नियमित नहुनुमा अन्य कुनै कारण देखिँदैन । एजेन्डा नभएका पनि होइनन् । लेखा समितिका सचिव एकराम गिरीका अनुसार समितिमा ९५ वटा उजुरी छन् । उजुरीका विषयहरूबारे समितिका सदस्यहरूलाई जानकारी गराइएको छ । गिरीले संचारकर्मीसँग भने, 'विगतमा प्राप्त उजुरी वितरण गरिएको छ । पछिल्लो चरणमा आएका केही उजुरी वितरण हुन बाँकी छन् ।'

यति धेरै उजुरी पर्दासमेत लेखा समितिको बैठक नियमित बस्न सकिरहेको छैन । तर, समितिका सचिव गिरी महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनबारे विभिन्न उपसमितिमा छलफल चलिरहेको बताउँछन् । 'लेखा समिति अहिले उपसमितिमा केन्द्रित छ,' उनले संचारकर्मीसँग भने ।

लेखा समितिको मात्रै होइन, प्रतिनिधिसभाअन्तर्गतका अधिकांश विषयगत समितिका बैठक नियमित बसिरहेका छैनन् । परिणाममा विषयगत समितिमा रहेका विधेयकहरू अपेक्षित गतिमा अगाडि बढेका छैनन् भने प्राप्त उजुरीहरू थन्किएका छन् । संसद्कै अर्थ समितिमा एक सय ३७ भन्दा बढी उजुरी छ । प्राप्त उजुरीमध्ये ५२ वटा उजुरी अर्थ समितिले दर्ता गरेको छ भने बाँकी कार्यक्षेत्र अन्तर्गत रहे/नरहेको आन्तरिक अध्ययन गरिरहेको छ ।

समिति सभापति सन्तोष चालिसे भन्छन्, 'प्राप्त एक सय ३७ बढी उजुरीमध्ये ५२ वटा दर्ता भएको छ । बाँकी कार्यक्षेत्रसँग सम्बन्धित नरहेका पनि छन् । तिनलाई लिइएको मात्रै छ ।' तर, दर्ता भएका उजुरीमाथि पनि यो समितिमा छलफल हुन सकेको छैन । प्राथमिकतामा विधेयक पास गर्ने रहेकाले उजुरीमाथि छलफल हुन नसकेको बताउँछन्, समिति सभापति चालिसे । उनी भन्छन्, 'समितिको अहिलेको प्राथमिकता विधेयक पास गर्ने हो ।'

अर्थ समितिमा बैंक तथा वित्तीय संस्था विधेयक, सुरक्षित कारोबार ऐन संशोधन विधेयक, धितोपत्र ऐन संशोधन विधेयक, आर्थिक कार्यविधि ऐन संशोधन विधेयक र भन्सार विधेयक दफावार छलफलमा छ । यीमध्ये तीनवटा विधेयक अन्तिमचरणतिर पुऱ्याएको उल्लेख गर्दै समिति सभापथि चालिसे अब विधेयकमाथिको छलफल चलिर हँदा पनि उजुरी अगाडि बढाउन सकिने विकल्पमा अगाडि बढ्न खोजिएको बताउँछन् ।

'समितिलाई दुई सिफ्टमा चलाउन सकिन्छ । पहिलो सिफ्टमा विधेयकमाथि छलफल गर्ने र दोस्रो सिफ्टमा महत्वपूर्ण केही उजुरीमाथि छलफल गर्ने सोच बनाएको छु,' सभापति चालिसेले आफ्नो योजना सुनाए । राज्य व्यवस्था तथा सुशासन समितिमा पनि उजुरीको चाङ नै छ । समिति सचिवालयका अनुसार ९२ वटा उजुरी छन् । त्यसमध्ये कुन उजुरीको महत्व कति हो भन्ने तय गरेर त्यस आधारमा छलफ्लमा अगाडि बढाउने तयारी छ ।

गत सोमबार राज्य व्यवस्था समितिले समितिका सदस्यहरूलाई ९२ वटै उजुरी बाँडेको थियो । समिति सभापति रामहरि खतिवडाका अनुसार ९२ वटा उजुरी परेकोमा ५८ वटा उजुरीहरू दर्ता भएका छन् भने ३४ उजुरी अध्ययनको क्रममा छन् ।

अध्ययनपछि बाँकी उजुरी दर्ता गर्ने वा नगर्ने निर्णय समितिले लिनेछ । तर, सांसदहरूलाई वितरण गरिसकेकाले अब दर्ता गर्न वा नगर्न पनि सांसदले सुझाउन सक्नेछन् । राज्य व्यवस्था समितिका सभापति खतिवडाका अनुसार उजुरीहरूको बारेमा अध्ययन गर्न छुट्टै उपसमिति गठन गर्ने तयारी छ । सभापति खतिवडाका अनुसार समितिको कार्यक्षेत्रमा नपर्ने उजुरीमाथि छलफल हुने छैन ।

संसद सचिवालयका अनुसार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा ५५ वटा उजुरी छ । पूर्वप्रधानमन्त्री झलनाथ खनालको उपचार समेतलाई जोडेर परेका उजुरीमाथि समेत छलफल हुन सकेको छैन । खनालको उपचारमा सरकारले ८१ लाख बढी खर्च दिएको विवरणसहित उजुरी परेको छ । यसरी उपचार खर्च दिने विषय कानुनले सम्बोधन गरिनुपर्ने माग राखिएको छ ।

खनाललाई ७ असार २०७८ मा मन्त्रिपरिषद्ले निर्णय गरेर भारतको अपोलो अस्पतालमा उपचारका क्रममा लागेको खर्च बेहोर्ने निर्णय गरेको थियो । संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा ३५ वटा उजुरी छ । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा पनि ३५ वटा नै उजुरी दर्ता भएका छन् । पूर्वाधार विकास समितिमा २३ र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा २५ वटा उजुरी छन् । तर, प्रतिनिधिसभाको चालु कार्यकालमा संसदीय विषयगत समितिहरूले उजुरीलाई प्राथमिकतामा राखेर छलफल गरेको छैन ।

संसद् सचिवालयका पूर्वसचिव सोमबहादुर थापा उजुरीको महत्व कति छ भन्ने आधारमा त्यसले महत्व पाउने कि नपाउने भन्ने तय हुने बताउँछन् । 'इस्वुबेस छलफल हुन्छ । इस्युको महत्व कति छ त्यसको आधारमा समितिका सभापति र सचिवले छलफलमा अगाडि बढाउने हुन् । त्यसआधारमा छलफलले प्राथमिकता पाउने हो,' उनले संचारकर्मीसँग भने । तर, पछिल्लो समय उजुरी कसको छ भनेरसमेत हेर्ने प्रवृति रहेको बताउँछन् । 'अहिले संसदीय समितिमा भद्रगोल छ ।

*(स्रोत:अनलाइनखबर)*

# 'कार्साङ'लाई सुखद् सोज, बजार 'भाइब्रेट' हुने अपेक्षा

काठमाडौं/गत बैशाख देखि कात्तिकसम्म चलायमान देखिएको नेपाली फिल्मको बजार मंसिर लागेसँगै सेलाएको छ । मंसिरका दुई फिल्म 'तेल भिसा' र 'अग्निदहन'ले अपेक्षित व्यापार नै गर्न सकेनन् । बरु मंसिरमा भारतीय फिल्म 'पुष्पा २'ले बक्स अफिसमा सुनामी ल्यायो । पुष पहिलो र दोस्रो साता आएका 'बमबहादुर' र 'देव वाणी'ले पनि कुनै चमत्कार गरेनन् । दुवै फिल्म हलबाट दुई दिनमै उत्रिए ।

अब यही शुक्रबार अर्थात् पुष २६ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'कार्साङ'बाट सेलाएको बजार 'भाइब्रेट' हुने अपेक्षा गरिएको छ । यसको आधार भनेको 'स्टारकास्ट' हो । यसमा दयाहाङ राई, जितु नेपाल, दीया मास्के, सिर्जना निङलेखु जस्ता परिचित कलाकारको अभिनय छ । फिल्मको हाइप पनि राम्रो बनेकाले व्यापार सुखद् हुने प्रक्षेपण गरिएको छ ।

साउथ सुपरस्टार रामचरण अभिनीत फिल्म 'गेम चेञ्जर'सँग प्रतिस्पर्धा गर्न लागेको 'कार्साङ'को प्राय: मल्टीप्लेक्समा टिकट बुकिङ खुला भइसकेको छ । फिल्मलाई सुखद् सोज मिलेको छ । देशको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले देशभरका हलमा गरी कूल ४८ सोज दिएको छ । काठमाडौं उपत्यकाभित्रका आउटलेटमा २१ र उपत्यकाबाहिरका हलमा २७ सोज बाँडिएको छ ।

त्यस्तै, दोस्रो ठूलो मल्टीप्लेक्स चेन आइएनआइले बुटबल, नयाँ बानेश्वर र गोंगबु आउटलेटमा गरी १५, एफक्युबले ७, विएसआर मुभिजले ६, कीर्तिपुर सिनेप्लेक्सले २, डिएम सिनेमाले ४, ईन्फिनिटी मुभिजले ५ सोज दिएका छन् । काठमाडौंका केही हलहरुमा फिल्मको बुकिङ खुल्न बाँकी नै छ । उपत्यकाबाहिरका हलहरुमा पनि फिल्मले राम्रो सोज पाएको छ ।

अब फिल्मलाई ठूलो चुनौती भनेको उपलब्ध सोजलाई अकुपेन्सीमा बदल्नु हो । फिल्मको ओपनिङ अकुपेन्सी राम्रो रहेको खण्डमा शनिबारबाट सोजमा पनि वृद्धि हुनेछ । टिजर, ट्रेलर र गीतलाई युट्युबमा मिलेको भ्यूज र प्रतिक्रिया हेर्दा फिल्मलाई लिएर दर्शक उत्साही देखिन्छन् । अब त्यो उत्साह हलमा कति देखिन्छ, त्यसले नै फिल्मको व्यावसायिक भविष्यले निर्धारण गर्नेछ । फिल्ममा यम शेर्पाको लेखन तथा निर्देशन छ । यो उनको निर्देशनमा बनेको पहिलो फिल्म हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# संघको वस्तुगत सदस्यमध्ये मोवाइल एशोसिएसन उत्कृष्ट



साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ मकवानपुर उद्योग वाणिज्य संघको बुधबार भएको ५८ औं वार्षिकसभामा संघमा आवद्ध वस्तुगत संघमध्ये मोवाइल एशोसिएसन अफ नेपाल मकवानपुर उत्कृष्ट भएको छ ।

संघमा आवद्ध रहेका २७ वटा वस्तुगत सदस्यमध्येबाट कार्यसम्पादन मूल्यांकनको आधारमा उत्कृष्ट कार्य गरेको भनि गरिएको सम्मान पुरस्कार समितिका संयोजक एवम् उपाध्यक्ष उज्ज्वल चौलागाईले बताए । एशोसिएसनमा हेटौंडा बजार, थाहानगर र मनहरी गरी १२० भन्दा बढी सदस्य आवद्ध रहेको एशोसिएसनका अध्यक्ष नवराज चौलागाईले बताए । वस्तुगततर्फ उत्कृष्ट भनि सम्मान गरेकोमा संघप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि एशोसिएसनलाई अझ सशक्त रुपले अघि बढाउने उनले बताए ।

संघले विभिन्न विधामा उद्योगी, सञ्चारकर्मी, कर्मचारीलाई सम्मान गरेको छ । जसमा उद्योगी मोहनकृष्ण श्रेष्ठ, नरहरिनाथ उप्रेती, साहित्यतर्फ साहित्य संगम मकवानपुर, सामाजिक सेवातर्फ मामाघर नेपाललाई सम्मान गरेको थियो । त्यस्तै, पूर्वअध्यक्षतर्फ हिटलर विशेत, पलपसा हलका परिकल्पनाकार निवर्तमान अध्यक्ष कृष्ण कटुवाललाई सम्मान गरिएको थियो ।

सञ्चारकर्मीतर्फ प्रताप विष्ट, गणेशदर्पण अधिकारीलाई सम्मान गरिएको थियो । एक सञ्चारकर्मी सुरेश श्रेष्ठले भने सम्मान नलिने घोषणा गरेका थिए । यसैगरी कर्मचारीतर्फ संघका लेखाअधिकृत दुर्गा लामिछानेलाई नगद सहित सम्मान गरिएको थियो ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालको सभाध्यक्षतामा भएको सभामा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

# मकवानपुरगढीको डुम्रेकुनामा माघबाट श्रीमद्भागवत महायज्ञ

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ मकवानपुरगढी गाउँपालिका-६ को केन्द्र डुम्रेकुनामा श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ तथा धार्मिक महोत्सव हुने भएको छ ।

डुम्रेकुना बजारको मध्यभागमा अवस्थित जालपा-जलेश्वर मन्दिर परिसरमा २ माघदेखि १० गतेसम्म महायज्ञ हुने भएको हो । मन्दिरको भौतिक संरचना निर्माणार्थ पण्डित रामचन्द्र तिमल्सिना र १०८ महायज्ञका अभियानकर्ता हरिचन्द्र तिमल्सिनाबाट हरेकदिन कथावाचन, भजन र झाँकीसहितको धार्मिक कार्यक्रम हुने प्रचारप्रसार समिति संयोजक टीकाप्रसाद दाहालले जानकारी दिए ।

मातातीर्थ/धनेश्वर महादेव मन्दिर तथा जालपा/जलेश्वर मन्दिर व्यवस्थापन समिति तथा श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ आयोजक मूलसमारोह समितिको आयोजना, ६ नम्बर वडा कार्यालयको सहकार्यमा महायज्ञ हुँदैछ । महायज्ञस्थल डुम्रेकुना गाउँपालिकाकै केन्द्र भागमा पर्दछ ।

जिल्ला सदरमुकाम हेटौंडाबाट कान्तिलोकपथ हुँदै शिखरकटेरीको मुखबाट दक्षिणतर्फ अथवा सामरी पुलबाट सहिद बासुदेव मार्ग भएर करिब ९-१० किलोमिटरको दुरीमा डुम्रेकुना पुग्न सकिन्छ ।

श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ आयोजक मूलसमारोह समिति अध्यक्ष रामकृष्ण न्यौपानेको अध्यक्षतामा बुधवार बसेको बैठकले महायज्ञको सम्पूर्ण तयारी अन्तिमचरणमा रहेको जनाएको छ ।

माघ २ गते बिहान ८ बजे भागरथी टोलस्थित शास्वतधामबाट कलशयात्रा सुरुहुने प्रचारप्रसार समिति संयोजक दाहालले जानकारी दिए । महायज्ञमा प्रत्येक दिन ७ बजेदेखि साँझ ८ बजेसम्म पाठपारायण, १० बजेदेखि अपरान्ह ४ बजेसम्म कथावाचन, भजन र झाँकी हुनेछ ।

हरेक दिन साँझ ७ बजेदेखि १० बजेसम्म महात्म्य कथावाचन, भजन र झाँकी प्रदर्शनी हुने दाहालले बताए । ९ गते लाखबत्ति बाल्ने कार्यक्रम रहेको छ । महायज्ञमा सामूहिक ब्रतबन्ध, चौरासी पूजा, तुलादान, जिन्सीदानलगायतको कार्यक्रमको व्यवस्था रहेको दाहालले बताए । महायज्ञमा राष्ट्रियस्तरका कलाकारको पनि प्रस्तुति रहने जनाइएको छ ।

# सार्वजनिक यातायात प्रविधिमैत्री बनाउने मन्त्री मजर्हनको प्रतिबद्धता

साझाकुरा संवाददाता



हेटौंडा, २४ पुस/ बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले सार्वजनिक यातायातलाई प्रविधिमैत्री बनाइने बताएका छन् ।

बुधबार नवलपुरको गैंडाकोटमा एमालेनिकट यातायात व्यवसयीको संगठन नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संगठनको तेस्रो राष्ट्रिय महाधिवेशन उद्घाटन गर्दै मन्त्री महर्जनले डिजिटल प्रविधिमार्फत सार्वजनिक यातायातलाई व्यवस्थित गर्न प्रदेश सरकारको तर्फबाट काम प्रारम्भ गरिएको बताए । कार्यक्रमका प्रमुख अतिथि मन्त्री महर्जनले नेपालको सार्वजनिक यातायातमा भएको निजीक्षेत्रको लगानी डुब्दै गइरहेको, यातायात मजदुर असुरक्षित महसुश गरी विदेशिनु परेको र जनताको सुरक्षितयात्राको अधिकार कुण्ठित हुँदै गइरहेको बताउँदै यसलाई सुधार गर्न कानुन निर्माण र नियमावली निर्माणको काममा प्रदेश सरकारले द्रुतताकासाथ काम गरिरहेको दाबी गरे ।

देशभरका प्रतिनिधिलाई सम्बोधन गर्दै मन्त्री महर्जनले सिण्डिकेट खारेजीका नाममा खारेज गरिएका यातायात व्यवसायीका संघ, समितिलाई नवीकरण गर्न सर्वोच्च अदालतले खुल्ला गरिदिएको भएपनि अहिलेसम्म कतिपय व्यवसायीको सम्पति फुकुवा नगरेकोप्रति चिन्ता व्यक्त गर्दै त्यसको फुकुवाका लागि संघ सरकारसँग समन्वय गर्ने बताए । आफूले यातायात व्यवसायीको समस्यालाई नजिकबाट हेरिरहेको बताउँदै बागमती प्रदेशमा सार्वजनिक यातायातको भाडा छिट्टै समायोजन गरिने धारण राखे ।

मन्त्री महर्जनले ढुवानी क्षेत्रमा भारतीय सवारीसाधनको हस्तक्षेपका कारण नेपालीको लगानी संकटमा परेको बताउँदै त्यसलाई कुटनीतिकरुपमै निवारणका लागि पहल गरिने बताए । राइड शेयरिङ्को बढ्दो प्रभावले सार्वजनिक यातायात क्षेत्रलाई असर पारिरहेकाले सर्वोच्च अदालतको फैसलालाई ध्यानमा राख्दै तत्काल कानुनी दायरामा ल्याइने बताए ।

कार्यक्रममा नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष भीमज्वाला राईले नेपालमा सार्वजनिक यातायातको इतिहास उल्लेख गर्दै १०८ वर्षको इतिहासमा सार्वजनिक यातायातक्षेत्र अझैपनि उद्योगको रुपमा विकास हुन नसकेको र दिनानुदिन विग्रदै गइरहेको बताए । नेपाल यातायात मजदुर संघको अध्यक्ष धर्मराज भण्डारीले यातायात श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्ने बताए ।

अखिल नेपाल यातायात मजदुर संघका अध्यक्ष दीपक केसीले यातायात मजदुर तथा व्यवसायीको योगदानलाई राज्यले सम्मान गर्नुपर्ने बताए । कार्यक्रममा नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संघका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्य, गणतान्त्रिक यातायात व्यवसायी संगठनका अध्यक्ष ज्ञानेन्द्र श्रेष्ठ, नेकपा एमाले चितवनका अध्यक्ष कमल पाठक, नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संगठनका सल्लाहकार डोलनाथ खनाललगायतले आफ्ना धारणा राखेका थिए ।

# बागमती प्रदेश खेलकुद परिषद्मा ६ सदस्य नियुक्त

साझाकुरा संवाददाता




हेटौंडा, २४ पुस/ बागमती प्रदेश खेलकुद विकास परिषद्को रिक्त पदमा ६ जनालाई सदस्य नियुक्त गरिएको छ । गत मंगलबारको मन्त्रीस्तरीय निर्णय अनुसार परिषद्मा ६ जना सदस्य नियुक्त गरिएको हो ।

प्रदेशको सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले सत्तासाझेदार दल एमाले र कांग्रेसबाट ३-३ जना गरी ६ जना सदस्य नियुक्त गरेकी हुन् ।

प्रदेशमा विभागीय युवा तथा खेलकुद मन्त्रालय रहेपनि कानुन संशोधन नहुँदा सो मन्त्रालयको अधिकार प्राप्त हुन सकेको छैन । जसका कारण कानुनी व्यवस्थाअनुसार सामाजिक विकासमन्त्री खड्गीले परिषद्मा ६ सदस्य नियुक्त गरेकी हुन् ।

खेलकुद संघसंस्था, खेलविज्ञ र अपाङ्गता कोटाबाट सदस्य नियुक्त गरिएको हो । जसमा खेलकुद संघसंस्थाबाट एमालेका दोलखाकी अन्जना शिवाकोटी, खेलविज्ञका रुपमा ललितपुरकी दीपा क्षेत्री र अपाङ्गता कोटामा काभ्रेका गोविन्दलाल श्रेष्ठलाई नियुक्त गरिएको छ । यस्तै खेलकुद संघसंस्थाबाट कांग्रेसका तर्फबाट मकवानपुरका अमृत लुङ्वा, खेलविज्ञबाट सविन भट्टाचार्य र सिन्धुपाल्चोकका राजन धितालालाई नियुक्त गरिएको छ ।

यसअघि गत १० मंसिरमा प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकबाट चारजना सदस्य नियुक्त भएका थिए । मन्त्रिपरिषद्ले कांग्रेस र एमालेबाट २-२ जना सदस्य नियुक्त गरेको थियो । कांग्रेसबाट रवि महर्जन, कल्पना खड्का नियुक्त हुँदा एमालेबाट नविना खनियाँ र सविन श्रेष्ठ नियुक्त भएको थिए । नियुक्त भएको ४५ दिनसम्म उनीहरुको सपथ हुन सकेको छैन ।

# भुटनदेवी सामुदायिक वनका पदाधिकारीद्वारा शपथ



साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ भुटनदेवी सामुदायिक वन उपभोक्ता समूहका नयाँ कार्यसमिति पदाधिकारीले शपथ ग्रहण गरेका छन् । समूहका अध्यक्ष सोमबहादुर लामा, उपाध्यक्ष सुरेशकुमार लामा, सचिव अन्जुकुमारी लामा, सह-सचिव इन्दिरा लामा र कोषाध्यक्ष उमा सुनारले पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

त्यसैगरी, सदस्यहरु दुर्गाबहादुर लामा, चन्द्रदेवी बि.क., यमुना सुनार, गीतादेवी यादव, सान्तकी खड्की, र ध्रुव हाडाले मंगलबार आयोजित कार्यक्रममा शपथ लिँदै आफ्नो जिम्मेवारी औपचारिकरुपमा ग्रहण गरेका हुन् । कार्यक्रमका प्रमुखअतिथि हेटौंडा उपमहानगरपालिका-१० का अध्यक्ष फुर्बादोर्जे लामाले सामुदायिक वनलाई उत्कृष्ट उदाहरणको रुपमा विकास गर्न सबै पदाधिकारीलाई सक्रिय र जिम्मेवार भएर काम गर्न आग्रह गरे ।

उनले विगतका गल्ती र कमजोरीको समीक्षा गर्दै सुधारको प्रक्रियामा अघि बढ्नु पर्नेमा जोड दिए । सामुदायिक वन तथा उपभोक्ता नङ र मासुको सम्बन्ध जस्तै हुनुपर्ने उनको धारणा थियो । अध्यक्षको भूमिकाको महत्वलाई प्रस्ट्याउँदै उनले राम्रो वा नराम्रो जे काम भएपनि त्यसको जिम्मेवारी अध्यक्षकै हुने भएकाले सचेत र निष्ठापूर्वक काम गर्न आग्रह गरे ।

कार्यक्रममा सहभागी अतिथिले नयाँ कार्यसमितिलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गरे । कार्यक्रमको सभापतित्व निर्वाचन समितिका संयोजक रामहरि चौलागाईंले गरेका थिए । कार्यक्रममा डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख राकेश चन्द्रबंशी, खेलकुद विकास समिति मकवानपुरका पूर्वअध्यक्ष सानु लामालगायतको आतिथ्यता थियो ।

# नवोदय विद्यालयको खेलकुद प्रतियोगिता जारी

साझाकुरा संवाददाता



हेटौंडा, २४ पुस/हेटौंडा उपमहानगरपालिका-४ मा रहेको नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयको सप्ताहव्यापी खेलकुद प्रतियोगिता जारी रहेको छ ।

विद्यालयको एथ्लेटिक्सतर्फको विभिन्न विधाका खेल मंगलबारबाट हेटौंडाको पिप्लेक्याम्पा रंगशालामा सुरु भएको हो । हेटौंडा-५ का वडाअध्यक्ष सुशील घिमिरेले क्याम्पा रंगशालामा हुने खेलको उद्घाटन गरेका हुन् । उद्घाटन समारोहमा स्काउटमा सहभागी विद्यार्थीले मार्चपास गरेका थिए ।

प्रतियोगिताका संयोजक तक्षक सिम्खडाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशी, विद्यालयका निर्देशक दिपेश जोशीलगायतको आतिथ्यता रहेको थियो ।

प्रतियोगितामा राजाराम पोखरेल, विनोद श्रेष्ठले निर्णायकको भूमिका निर्वाह गर्नेछन् । कक्षा ४ देखि ९ सम्म अध्ययनरत विद्यार्थीको सहभागितामा रंगशलामा अन्तर सदनात्मक हाउसमा जुनियर र सिनियरका विभिन्न खेलहरु सञ्चालन हुनेछन् । विद्यालयका सदनबीच भएको खेलकुद सप्ताहमा फुटबल, भलिबल, क्रिकेट, बास्केटबल, चेस, टेबुलटेनिस खेल सम्पन्न भइसकेको प्रतियोगिताका संयोजक सिम्खडाले जानकारी दिए । पिप्ले-क्याम्पा रंगशालामा हुने खेलकुद प्रतियोगिताको अवलोकनका लागि अभिभावकको पनि उपस्थिति रहेको छ ।

# मकवानपुरमा जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ मकवानपुरमा जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता हुने भएको छ । मकवानपुर जिल्ला तेक्वान्दो संघको आयोजनामा आगामी माघ २४ गतेदेखि २६ गतेसम्म प्रतियोगिता आयोजना गर्न लागिएको संघका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले जानकारी दिए ।

प्रतियोगितामा प्रथम र दोस्रो हुने खेलाडी राष्ट्रिय खेलाडीमा छनोट हुने अध्यक्ष बज्राचार्यले बताए । मकवानपुरमा रहेका डोजाङ प्रमुखलाई खेलाडी छनोटका निम्ति पत्राचार गरिसकेको उनले बताए । माघ १९ गते ब्ल्याक बेल्ट र रेड बेल्टको ग्रेडिङ हुने भएकोले माघ १३ गतेबाट खेलाडीलाई लक्षित गरी ट्रेनिङको आयोजना गरिएको उनले जानकारी दिए ।

गतवर्ष भएको १६ औं जिल्लास्तरीय तेक्वान्दो प्रतियोगितामा जिल्लाभरका २१ वटा डोजाङबाट ३०० खेलाडीले सहभागिता जनाएका थिए । प्रतियोगितामा पुरुषतर्फ २० केजीदेखि ६२ केजी तौलसम्म तथा महिलातर्फ २० केजीदेखि ५८ केजी तौल समूहमा प्रतिस्पर्धा भएको थियो । प्रतियोगिताको प्रथम जनज्योति तेक्वान्दो डोजाङ, दोस्रो कर्रा तेक्वान्दो डोजाङ र तेस्रो मकवानपुर तेक्वान्दो डोजाङ भएका थिए । प्रतियोगिताको प्रथम, दोस्रो र तेस्रो भएका समूहलाई आयोजकले शिल्ड प्रदान गरेको थियो ।

# ९ नम्बर वडामा कानुनीशिक्षा अनुशिक्षण

साझाकुरा संवाददाता



हेटौंडा, २४ पुस/टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडा उपमहानगरपालिकाको आयोजनामा ९ नम्बर वडामा समुदायस्तरीय कानुनीशिक्षा अनुशिक्षण कार्यक्रम भएको छ ।

वडाभित्र गठित टोल विकास संस्था एवम् अन्य संघसंस्थाका पदाधिकारी र सदस्यको लागि १ दिने अनुशिक्षण गरिएको हो । टोल विकास संस्था, नगर समन्वय समितिको आयोजनामा उपमहानगरका सबै वडामा यस प्रकारको अनुशिक्षण गरिने समितिका महासचिव शिवहरि दाहालले जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिका न्यायिक समितिको सहयोगमा भएको कार्यक्रममा ९ नम्बर वडाका ६० जनाको सहभागिता रहेको थियो ।

नगरसमन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीको अध्यक्षता एवम् हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँको प्रमुखआतिथ्यमा भएको कार्यक्रममा हेटौंडा-९ का वडाअध्यक्ष सुकराम केसी, न्यायिक समितिका सदस्य एवम् नगरसमन्वय समितिका सल्लाहकार ज्ञानबहादुर थापालगायतको सहभागिता थियो । कार्यक्रमलाई हेटौंडा उपमहानगरको न्यायिक समितिका कानुन अधिकृत सुजन तिमल्सिना, अधिवक्ता शिव बञ्जारा र जिल्ला बार एसोसियसनकी अध्यक्ष अप्सरा बस्नेतले सहजीकरण गरेका थिए ।

## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रम:**

मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**

१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्च:** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना